# राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक सिफारिस सम्बन्धी कार्यविधि, २०८०

**<u>प्रस्तावना:</u>** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४३ को उपदफा (१) तथा राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम १६ को उपनियम (१) बमोजिम गठन भएको राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक मनोनयन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाई खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्ध कार्य गर्न सक्ने उपयुक्त उम्मेदवारहरुको सिफारिस गर्न वाञ्छनीय भएकोले,

मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक सिफारिस सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले संयोजक पदका लागि रीतपुर्वक दरखास्त पेश गरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको सिफारिस समितिलाई सम्झनु पर्छ।

(च) "संयोजक" भन्नाले नियमावलीको नियम १६ को उपनियम (१) को खण्ड (क) बमोजिम नेपाल सरकारले मनोनयन गर्ने व्यक्ति सम्झनु पर्छ।

३. **<u>समिति:</u>** मन्त्रालयले संयोजक पदमा मनोनयनको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको खेलकुद विकास महाशाखा प्रमुख | -संयोजक |
| (ख) | चिकित्सक प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल | -सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय खेलकुद परिषद् | -सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल ओलम्पिक कमिटि | -सदस्य |

४. **<u>समितिको बैठक सम्बन्धी व्यवस्था:</u>**(१) समितिको बैठक संयोजकले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

५. **<u>संयोजक मनोनयन सिफारिसको लागि छनौट प्रक्रिया:</u>** (१) मन्त्रालयमा संयोजकको मनोनयनको लागि सिफारिस गर्न राष्ट्रियस्तरको पत्रिकामा सात दिनको सूचना दिई सूचना प्रकाशन गरिने छ र सो सूचना मन्त्रालयको वेभसाइटमा समेत राखिनेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र खेलकुदमा प्रतिबन्धित औषधि विरूद्धको कार्यमा अनुभव प्राप्त ईच्छुक आवेदकहरुले अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजातसहित आवेदन दिनु पर्नेछ।

तर खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्धको कार्यमा अनुभव प्राप्त नगरेका उम्मेदवारको दरखास्त स्वीकार गरिने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदन सहितको विवरण मूल्याङ्कनका लागि समितिमा पेश गरिनेछ।

(४) समितिले दफा ६ को उपदफा (२) बमोजिमको मूल्यांकन तालिकाको आधारमा अधिकतम अंक प्राप्त गर्ने तीन जना उत्कृष्ट उम्मेदवारहरुको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

तर तीन जना उम्मेदवारहरुको नाम सिफारिस हुन नसके पनि संयोजकको मनोनयनको लागि सिफारिस गर्न कुनै बाधा पर्ने छैन ।

६. **<u>मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u>** (१) दफा ५ को उपदफा (२) बमोजिमका उम्मेदवारहरुको देहाय बमोजिमको आधारमा मूल्याङ्कन गरिनेछः-

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| (क) | शैक्षिक योग्यता | १० |
| (ख) | खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी कार्य अनुभव | २० |
| (ग) | कार्ययोजना | ५० |
| (घ) | प्रस्तुतिकरण | २० |
| | जम्मा | १०० |

(२) उपदफा (२) को मूल्याङ्कनको आधार बापत देहाय बमोजिमको आधारमा अङ्क विभाजन गरी अङ्क प्रदान गरिनेछ।

(क) शैक्षिक योग्यता बापत जम्मा दश (१०) अङ्क-

(अ) चिकित्सा विषयमा स्नातक बापत पाँच (५) अङ्क,

(आ) चिकित्सा विषयमा स्नातकोत्तर बापत दश (१०) अङ्क ।

(ख) खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी कार्य अनुभव बापत जम्मा बीस (२०) अङ्क-

(अ) राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा Anti-Doping in Sports सम्बन्धी कार्यमा पाँच (५) वर्ष अनुभव बापत दश (१०) अङ्क

(आ) राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा Anti-Doping in Sports सम्बन्धी कार्यमा पाँच (५) भन्दा बढी प्रत्येक वर्षको एक अङ्कका दरले बढीमा दश (१०) अङ्क ।

(ग) कार्ययोजना बापत पचास (५०) अङ्क-

(अ) परिचय बापत दुई (२) अङ्क

(आ) दुरदृष्टि, लक्ष्य र उद्देश्य बापत पाँच (५) अङ्क

(इ) खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी वर्तमान अवस्था बापत तेह्र (१३) अङ्क

(ई) प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित) बापत बीस (२०) अङ्क

(उ) योजना कार्यान्वयन खाका बापत दश (१०) अङ्क

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "कार्य योजना" भन्नाले राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक पदका उम्मेदवारले खेलकुदको क्षेत्रमा प्रतिबन्धित औषधि सेवन विरूद्धको कार्य गर्नका लागि पेश गरेको योजना सहितको अवधारणा पत्र सम्झनु पर्छ।

(घ) प्रस्तुतिकरण बापत (२०) अङ्क -

(अ) विषयवस्तुको ज्ञान (खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी) बापत बाह्र (१२) अङ्क

(आ) प्रस्तुतीकरण सीप बापत चार (४) अङ्क

(इ) अन्तरक्रिया बापत चार (४) अङ्क

७. **बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची -१
### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
### राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक पदका लागि मन्त्रालय समक्ष आवेदन गर्ने दरखास्त फारामको ढाँचा

फोटो

**क. व्यक्तिगत विवरण**

१. उम्मेदवारको नाम,थर : ..........................................लिङ्गः- .........................

२. जन्म मिति : इ.सं/ वि.सं ........................................................

३. स्थायी ठेगाना : प्रदेश ...................जिल्ला ............................... न.पा./गा.पा .........................
वडा नं ............ टेलिफोन नं .........................

४. अस्थायी ठेगाना : प्रदेश ...................जिल्ला ............................... न.पा./गा.पा .........................
वडा नं ............ टेलिफोन नं .........................

५. नागरिकता : जारी गरिएको जिल्ला................... मिति..................... नागरिकता नं .................

६. मोबाइल नम्बर :....................................इमेल:.................................................................

**ख. शैक्षिक योग्यता**

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |

**ग. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण**

| संस्था/ निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुर गर्ने छैन ।

मिति : ........................

ल्याप्चे सहीछाप आवेदकको दस्तखत

| दाँया | बाँया |
|---|---|
| | |

**नोट** : दरखास्तको साथमा तल उल्लेखित कागजातका छाँयाप्रतिहरु संलग्न गर्नु पर्नेछ ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि ।

(ख) शैक्षिक योग्यता सम्वधी कागजातहरुका स्वयं प्रमाणित प्रतिलिपि (कम्तिमा स्नातक तह र सो भन्दाको माथिल्लो योग्यता भए सो समेत)।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध सम्बन्धी कार्य अनुभव खुल्ने कागजातका स्वयं प्रमाणित प्रतिलिपि ।

(घ) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध सम्बन्धी कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको)।

## अनुसूची-२

## (दफा ६ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

## कार्ययोजनाको ढाँचा

(क) परिचय

(ख) दुरदृष्टि, लक्ष्य र उद्देश्य

(ग) खेलकुदमा प्रतिबन्धित औषधि सेवन सम्बन्धी वर्तमान अवस्था विश्लेषण

- राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- जनशक्तिको अवस्था
- राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा नेपालको उपस्थिति र उपलव्धि
- खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध सम्बन्धी कार्यमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु ( कारण सहित)

(घ) प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

- संस्थागत क्षमताको विकास
- जनशक्तिको विकास
- खेलकुदसँग सम्वन्धित निकाय, खेल संघ र खेलकर्मीसँगको समन्वय र सहकार्य
- खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध सम्बन्धी कार्यमा अन्तराष्ट्रिय निकायसङ्गको समन्वय

(ङ) योजना कार्यान्वयन खाका